स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दिनेश राउतले निर्देशन गर्ने फिल्म 'गाउँ नै रमाइलो'को लिड-लेडीमा अभिनेत्री मिरुना मगर अनुबन्धित भएकी छन् । फिल्मसँग बुद्धि तामाङ पनि जोडिएका छन् । निर्देशक राउतले यी दुबै कलाकारसँग लिखित सहमति भएको जानकारी दिए । यो फिल्मलाई 'नांगो गाउँ' फेम्ड हिमाल कडरियाले बनाउँदैछन् । यसअघि यो फिल्ममा दयाहाङ राई र आर्यन सिग्देल अनुबन्धित भैसकेका छन् । फिल्ममा मिरुनाले यी दुईमध्ये अभिनेतामध्ये कोसँग अनस्क्रिन रोमान्स गर्नेछिन् भन्नेबारे निर्माताले केही बताएका छैनन् ।

आजको विचार...



डा. हेमराज लामिछाने

वित्तीय..

(दुई पेजमा)



सन् २०१७ की 'मिस इन्टरनेशनल' नीति शाह पनि यतिबेला फिल्ममा भविष्य बनाउने प्रयासमा छिन् । कयौं प्रतिष्ठित ब्यानरले उनलाई फिल्म अफर गरेका थिए । त्यसबेला उनले फिल्ममा काम गर्ने इच्छा नै देखाइनन् । जब फिल्म गर्न तयार भइन्, तबदेखि उनको डेब्यू नै अलपत्र परेको छ । उनले 'ब्याक टू ब्याक' फिल्म सम्झौता गरिरहेको भए पनि अभिनेत्री बन्ने सपना पूरा हुन सकेको छैन । यतिबेला चारवटा फिल्म सम्झौता गर्दा समेत नीतिको डेब्यू अन्योलग्रस्त छ ।

❐ वर्ष २९ ❐ अंक १६१ ❐ २०८० पुस २३ गते सोमबार 8 January 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### इजराइली आक्रमणमा दुई पत्रकारको मृत्यु

(रासस/एएफपी)

**गाजापट्टी** पुस २२/इजराइली आक्रमणमा प्यालेस्टिनी क्षेत्रमा दुई पत्रकार मारिएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले आइतबार बताएको हो ।

एएफपी समाचार समितिका भिडियो स्ट्रिन्जर मुस्तफा थुरिया र अल जजिरा टेलिभिजन नेटवर्कका पत्रकार हम्जा वेल दहदौह कारमा यात्रा गरिरहेको बेला मारिएको मन्त्रालय र चिकित्सकहरूले बताएका छन् । हम्जाका बुबा वाएल अल-दहदौह गाजापट्टीमा अल जजिराका ब्युरो प्रमुख हुन र हालैको एक आक्रमणमा उनी पनि घाइते भएका छन् । युद्धको सुरुआती साताहरूमा एउटा छुट्टै इजराइली आक्रमणमा उनकी पत्नी र दुई छोराछोरी मारिएपछि उनी घाइते भएका थिए । थुरियाले सन् २०१९ देखि एएफपीसँग काम गरेका थिए । न्युयोर्कस्थित कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्सका अनुसार अक्टोबर ७ मा इजराइल र हमासबीच युद्ध सुरु भएपछि डिसेम्बर ३१ सम्म कम्तीमा ७७ पत्रकार र मिडियाकर्मी मारिएका छन् । तीमध्ये ७० प्यालेस्टिनी, चार इजराइली र तीन लेबनानी रहेका छन् ।

## पाल्पा प्रहरीको नवनिर्मित भवन उद्घाटन

# संगठनलाई संस्थागत रूपमा सक्षम बनाउन सदैव कटिबद्ध छौं : प्रहरी महानिरीक्षक

रामचन्द्र रायमाझी

**पाल्पा,** पुस २२/ प्रहरी महानिरीक्षक वसन्त बहादुर कुँवरले प्रहरी संगठनलाई संस्थागत रुपमा मजबुत र सक्षम बनाउन प्रहरी प्रधान कार्यालय सदैव कटिबद्ध रहेको बताएका छन् । आइतबार जिल्ला प्रहरी कार्यालय पाल्पाको नवनिर्मित कार्यालय भवनको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

महानिरीक्षक कुँवरले भने, 'आवास तथा भौतिक पूर्वाधारमा आत्मनिर्भर बनाई प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नेदेखि वैज्ञानिक र प्राविधिक उपकरणहरूको प्राप्ति र प्रयोगद्वारा संगठनलाई संस्थागत रूपमा मजबुत र सक्षम बनाउन हामी सदैव कटिबद्ध र प्रयासरत छौं ।' आधुनिक भवनहरूसँगै प्रहरीको सेवाप्रतिको





इमानदारिता, जिम्मेवारी बोध, प्रहरी आचरण र व्यवहारले प्रहरीप्रतिको जनविश्वास अभिवृद्धि गर्ने विश्वास उनले व्यक्त गरे । भवनहरू सबैको साझा सम्पत्ति रहेको उल्लेख गर्दै प्रहरी महानिरीक्षक कुँवरले नवनिर्मित भवनहरूप्रति अपनत्वको भाव राखेर उचित संरक्षण, संवर्द्धन गर्दै दीर्घकालसम्म जर्गेनाका लागि सहयोग गर्न सबैसँग आग्रह गरे । उनले सिमित स्रोत र साधनको प्रयोग गरी शान्ति सुरक्षा प्रवाह गर्दै आएको बताए । महानिरीक्षक कुंवरले शान्ति सुरक्षाको अभावमा देशको समृद्धि हुन नसक्ने धारणा व्यक्त गरे । उनले नागरिकमैत्री प्रहरी संगठन भएमात्रै जनविश्वास जित्न सकिने पनि उल्लेख गरे । 'नागरिकमैत्री प्रहरीका रूपमा पारदर्शी, जवाफदेही, सेवाग्राही र नागरिक स्वीकार्य, मानव अधिकारको संरक्षण र सम्मानको कसीमा प्रहरीका काम कारबाहीहरू उत्कृष्ट हुन्छन्,' महानिरीक्षक कुँवरले भने, 'त्यसका लागि प्रहरी कर्मचारीको मनोबल बढाउन आवश्यक छ । प्रहरी कर्मचारीको उत्प्रेरणा तथा मनोबल अभिवृद्धिमार्फत प्रहरी सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्दै आन्तरिक सुदृढीकरण र शुद्धीकरणको लक्ष्य हासिल गर्न हामी लागि परेका छौं ।' उनले जनअपेक्षा अनुसार शान्ति सुरक्षा प्रवाह गर्न जिल्लाको प्रहरी संगठनलाई निर्देशन समेत दिए । लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी नायब महानिरीक्षक उमेश राज जोशीले संगठनलाई सुधार्न, थप सुदृढ एवं बलियो बनाउन सबैको साथ सहयोग आवश्यक रहेको उल्लेख गरे । उनले शान्ति सुरक्षाको हिसावले पाल्पा जिल्ला प्रदेशकै नमुना जिल्ला रहेको समेत बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, नेपाली काँग्रेस पाल्पाका कार्यवाहक सभापति झपेन्द्र गहिरे, रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापा लगायतले आ-आफ्ना धारणा राखेका थिए । महानिरीक्षक कुँवरले कार्यालय भवनसहित कार्यालय प्रमुख निवास, प्रहरी ब्यारेक, भान्सा घर तथा नागरिक सहायता कक्ष भवनहरूको उद्घाटन गरेका थिए । साथै उनले उक्त नवनिर्मित भवनहरूको निरीक्षण समेत गरे । भवन निर्माण कार्यमा संलग्न निर्माण व्यवसायीहरूलाई कदरपत्र तथा भवन निर्माणमा योगदान पुर्‍याउने प्रहरी कर्मचारी र एसईईमा उत्कृष्ट अंक ल्याइए उर्त्तिण हुने प्रहरीका सन्ततीहरुलाई पुरस्कार समेत प्रदान गरे । नेपाल सरकारको नियमित बजेटबाट दुई चरणमा ठेक्का आह्वान गरी ६ करोड ९५ लाख ५५ हजार ४ सय ३९ रुपैयाँको लागतमा भवन निर्माण कार्य सम्पन्न भएको हो । भवन निर्माणको काम २०७६/१२/०६ मा सुरु भई २०८०/२/३० मा सकिएको हो । कार्यालय प्रमुख निवास भवनको भुई र पहिलो तलामा ५ वटा कोठा रहेका छन् । ३ तले ब्यारेक भवनमा १२ वटा कोठा छन् । यसै गरी २ र आधा तले भान्सा घरमा ७ वटा कोठा छन् भने, शौचालय भवनमा १० वटा कोठा रहेका छन् । २ र आधा तले सिनियर प्रहरी अधिकृत निवास भवनमा १० वटा कोठा, महिला तथा पुरुषका लागि छुट्टछुट्टै हिरासत कक्षमा ८ वटा कोठाहरु रहेका छन् । कार्यक्रममा प्रहरी नायब उपरीक्षक ई. रोसन सारुले भवन निर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक हेरम्बर शर्माको स्वागत, डिएसपी सुगन्ध श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा १० वटै स्थानीय तहका प्रमुख तथा उपप्रमुख, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, जिल्लास्थित राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरू, विभिन्न संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरू, स्थानीय समाजसेवी, भद्र भलादमी, पत्रकार एवम् स्थानीयवासीहरूको उपस्थिति रहेको थियो ।

## पाठ्यपुस्तक 'हाम्रो चन्द्रकोट' विमोचन




**गुल्मी,** पुस २२/गुल्मीको चन्द्रकोट गाउँपालिकामा 'हाम्रो चन्द्रकोट' पाठ्यपुस्तक विमोचन गरिएको छ । आधारभूत तह कक्षा १ देखि ८ को स्थानीय पाठ्यक्रममा आधारित 'हाम्रो चन्द्रकोट' पाठ्यपुस्तकको एक औपचारिक कार्यक्रमकाबिच विच विमोचन गरिएको हो ।


पाठ्यपुस्तकको प्रमुख अतिथि जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोणबहादुर खत्री, गाउँपालिका अध्यक्ष युवराज खत्री क्षत्री, उपाध्यक्ष विष्णुप्रसाद भण्डारी, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख लोकनाथ मरासिनी लगायतले संयुक्त रुपमा विमोचन गरेका हुन् । पुस्तक विमोचन गर्दै प्रमुख अतिथि खत्रीले नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले गरेको व्यवस्था अनुसार स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकले स्थानीय,राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुको बोध गराउन महत्वपूर्ण भूमिका खेल्ने पुग्ने अपेक्षा लिइएको बताए । कार्यक्रममा लेखन तथा सम्पादन मण्डललाई दोसल्ला तथा प्रशंसा पत्रद्वारा सम्मान समेत गरिएको थियो । स्थानीय पाठ्यपुस्तकको माध्यमबाट चन्द्रकोट गाउँपालिकाका स्थानीय भूगोल, प्राकृतिक श्रोत र साधन, धर्म संस्कृति तथा सामाजिक विविधता, स्थानीय पेशा, परम्परागत सीप र जीविकोपार्जनका आधार, विकासका पूर्वाधार, स्वास्थ्य पोषण र प्राथमिक उपचार, प्रकोप जोखिम व्यवस्थापन र हरित विद्यालय, गाउँपालिकाको दिगो विकासका अभ्यास, सम्भाव्यता र नवीनतम प्रविधि आदि जस्ता विषयवस्तु समेटिएको पाठ्यपुस्तक लेखन तथा सम्पादन मण्डलका संयोजक एवं शिक्षा अधिकृत नयनसिंह ठकुरीले बताए । विमोचन कार्यक्रम गाउँपालिका अध्यक्ष युवराज खत्री क्षत्रीको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## पाल्पा जेसीजको अध्यक्षमा कार्की, ४३ औं पद हस्तान्तरण तथा पदस्थापना

**पाल्पा,** पुस २२/पाल्पा जेसीजमा सामाजिक व्यक्तित्व, युवा नेता जेसीज अर्जुन कार्कीको अध्यक्षतामा नयाँ समिति चयन भएको छ । वर्ष २०२४ का लागि कार्कीको अध्यक्षमा नयाँ समिति चयन भएको हो ।







समिति चयनसँगै जेसीजको ४३ औं पद हस्तान्तरण गरिएको छ । वर्ष २०२३ का अध्यक्ष सुनिलकुमार बस्यालले वर्ष २०२४ का अध्यक्ष कार्कीलाई पद हस्तान्तरण गरेका हुन् । अध्यक्ष कार्की सहित जेसीजका १६ जना पदाधिकारीहरुले पनि पदभार ग्रहण गरेका छन् । तानसेनमा एक औपचारिक कार्यक्रमकाबिच २०२३ को समितिले २०२४ का नयाँ समितिलाई पद हस्तान्तरण गरेका हुन् । २०२४ का लागि निवर्तमान अध्यक्षमा सुनिल कुमार बस्याल, कानुनी सल्लाहाकार विवेककाजी शाक्य, का.का उपाध्यक्ष गणेश पन्थी, का.का उपाध्यक्ष महेश खनाल, महासचिवमा विजय कार्की, कोषाध्यक्ष करन चित्रकार, उपाध्यक्षहरु सतिशराज शाक्य, विक्रम सिंह, कला दाहाल, मुकेश जिसी, सह-सचिवमा सुमन बस्याल, शाखा सम्पादक प्रकाश कार्की, प्रकरण निर्देशक प्रियंकर मुनी शाक्य, जनसम्पर्क अधिकारीमा निजाम दिन मिया, तालिम संयोजकमा बालकृष्ण बस्याल चयन भएको निर्वाचन मण्डलका संयोजक धिरज बज्राचार्यले जानकारी दिए । पद ग्रहण गरेसँगै नवनियुक्त अध्यक्ष कार्कीले पाल्पा जेसीजले वर्ष २०२४ का लागि युवा लक्षित कार्यक्रममा केन्द्रीत भई कार्य 'Inspire Youth' प्रकरण (Theme) लाई सार्थक पार्न स्थानीय, प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढ्ने बताए । उनले युवाहरूको मन मस्तिष्कमा बस्न र समाज परिवर्तनको लागि नयाँ र विशिष्ट कार्य योजनाको साथ काम गर्ने उल्लेख गरे । अध्यक्ष कार्कीले युवाहरूको साथ लिएर समाज, राष्ट्रको विकास र जेसीजको नयाँ उचाइलाई थप सशक्त पार्दै ईंट्टा थप्ने बताए । कार्यक्रममा जेसीजले तयको प्रकरणलाई प्रमुख अतिथि लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले अनावरण गरेका हुन् । थिम अनावरण गर्दै सांसद रानाले कार्की नेतृत्वको नयाँ समितिलाई बधाई तथा वर्ष २०२३ का अध्यक्ष बस्याल नेतृत्वको समितिलाई हार्दिक आभार व्यक्त गरे । उनले समाज र मुलुकमा देखिएका विकृति, विसंगतीका विरुद्ध सशक्त ढंगले लाग्न समेत नयाँ नेतृत्वलाई आग्रह गरे । सांसद् रानाले अहिलेको व्यवस्थामाथि प्रहार भइरहेकाले युवाहरुको बलिदानीबाट ल्याइएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बचाई राख्न समेत जेसीजमा आवद्ध युवाहरु लाग्ने बेला आएको धारणा व्यक्त गरे ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अरनिको स्मृति दिवसको सन्दर्भ

अरनि राष्ट्रिय विभूति कलाकार हुन् । उनको १३०६ मा मृत्यु भएको थियो । नेपाली ललितकला क्षेत्रमा अरनिको योगदान महत्वपूर्ण रहेको मानिन्छ । उनको योगदानको सम्झना गर्दै हरेक वर्ष पुस २३ गते अरनिको स्मृति दिवस मनाउने गरिन्छ । महान् कलाकार अरनिको स्मृति दिवस नेपाल र चीन दुवै देशमा विशेष महत्वका साथ मनाउने गरिन्छ । आज पनि उनको सम्झना गरिदै छ । विसं २०५८ सालदेखि उनको स्मृति दिवस मनाउन थालिएको हो । यसले सरकारी मान्यता समेत पाएको छ । अरनिको योगदानको जति चर्चा हुन्छ, उति नै उनको जीवनकालको । राजा अनन्त मल्लकै पालामा १३ औं शताब्दीमा चीन पुगेका उनले नेपाली शैलीको कलाशिल्पी फैलाएको मानिएपनि उनीबारे धेरै सन्दर्भ अपुरा छन् । चीनको बेइजिङ पुगेर बहुविवाहसमेत गरेका उनका सन्तान अहिले कहाँ छन् ? केही अत्तोपत्तो छैन । तैपनि विभिन्न कलाकृति र चिनियाँ दस्तावेजमा वर्णन गरिएको आधारमा नेपालमा अरनिको सम्बन्धी धारणा बन्दै आएको छ । यद्यपी उनका बारेमा अझै पनि खोज तथा अनुसन्धान हुन सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । कलिलै उमेरमा तिब्बत र त्यसपछि चीन गएर बौद्ध वास्तुकलामा उनले ख्यातिप्राप्त गरेका थिए । उनको कलाको अहिले सम्मान हुन सकिरहेको छैन ।

नेपाली वास्तुकला र नेपाली कलाकारको नेतृत्व गर्दै धातुकलालाई चीन र तिब्बतमा प्रसार गर्ने काम अरनिकोले गरेका थिए । तर अहिले भने उनको अनुसरण कहि कतैबाट हुन सकिरहेको छैन । यसले उनको योगदानको अपमान समेत हुने गरेको छ । स्मृति दिवस मनाउनु राम्रो हो तर दिवस मनाइँदै गर्दा उनको योगदानको पनि कदर हुन आवश्यक छ । अहिलेको अवस्थामा नेपाली वास्तुकलामा अरनिले पुऱ्याएको गोगदानको अरुले पनि सिको गर्न जरुरी छ । यो भयो भने मात्र उनको स्मृति दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्दछ ।

## Opinion @ Social Network

एकदिन अनुहार चाउरिने छ । शरीर गल्ने छ र बिस्तारै बिस्तारै चितामा जलेर जानेछ । तैपनि मानिस बाचुन्जेल यो धर्तीमा तछाडमछाड गरिरहने छ ।
*(रूमु न्यौपानेको फेसबुकबाट https://www.facebook.com/ru.mu2)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वित्तीय अधिकार प्रयोगमा सधैंको अन्योल



डा. हेमराज लामिछाने

हालै नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले हेटौंडामा सातवटै प्रदेशका मुख्यमन्त्रीहरूको सहभागितामा तहगत सरकारको कार्यविस्तृतीकरण विषयक अन्तरक्रिया आयोजना गरेको छ । यही सन्दर्भमा वित्तीय अधिकार प्रयोगमा तीन तहको सरकारबीच अद्यापि कायम रहेको अन्योलका केही उदाहरण सहित बहस अगाडि बढाउन चाहन्छु । वित्तीय संघीयतालाई संस्थागत गर्ने ध्येयका साथ नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकारहरूलाई वित्तीय अधिकार सम्बन्धी एकल र साझा सूचीको व्यवस्था गरेको छ । तथापि, संविधान लागू भएको सात वर्ष पुगिसक्दा पनि एकल र साझा अधिकारको प्रयोग बारे कानुनमा एकरूपता देखिंदैन । फलत: तीनै तहका सरकारबीच राजस्व संकलन सम्बन्धी प्रशासन गर्न र राजस्व बाँडफाँटको विषयलाई टुङ्गोमा पुऱ्याउन सकिएको छैन । स्थानीय सरकारको एकल अधिकारको रूपमा रहेको संस्थागत र व्यक्तिगत घरजग्गा वहालकर पूर्ण रूपमा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । तर, संस्थागत वहालकर आन्तरिक राजस्व कार्यालयले संकलन गरी संघीय सञ्चित कोषमा दाखिला गर्दै आएको छ । यसले स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा संघीय सरकारको अतिक्रमण देखिन्छ । तसर्थ, संघीय सरकारले स्थानीय सरकारलाई एकल अधिकारको रूपमा घरजग्गा वहाल कर संकलन र उपयोग गर्न आवश्यक सहजीकरण र सहयोग गर्नुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क अनुसार स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठदाउरा, जराजुरी, दहत्तर-बहत्तर आदिको बिक्री गर्ने र बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरी एकल अधिकारका रूपमा कानुनी व्यवस्था रहेको छ । तर, प्रधानमन्त्री कार्यालयले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले यस सम्बन्धमा उक्त नदीजन्य तथा निर्माणमुखी वस्तुहरू ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीबाट प्राप्त राजस्व स्थानीय विभाज्य कोषमा राखी सोमध्ये ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । सोही मापदण्डका आधारमा सातवटै प्रदेश सरकारहरूले प्रदेश आर्थिक ऐनमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा बिक्री स्थानीय सरकारले गर्ने र बिक्रीबाट प्राप्त राजस्व प्रदेश सञ्चित कोषमा ४० प्रतिशत र स्थानीय सञ्चित कोषमा ६० प्रतिशतले बाँडफाँट गर्ने व्यवस्था गरिएको छ । यसरी हेर्दा मापदण्डको प्रावधान र मापदण्डका आधारमा बनेका प्रदेश आर्थिक ऐनहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिन गएकोले यस विषयलाई गम्भीरताका साथ लिन जरुरी छ । संघीय ऐनसँग प्रदेश ऐनहरू र मापदण्ड बाझिन गएको हुँदा कार्यान्वयनमा समस्या देखिएको छ । यदि नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त राजस्व स्थानीय र प्रदेश सरकारका बीचमा बाँडफाँट गर्नुपर्ने नै हो भने स्थानीय सरकार सञ्चालन ऐनमा सोअनुरूप संशोधन गर्न आवश्यक छ । प्रदेश र स्थानीय सरकारका बीचमा साझा अधिकारको प्रयोग गर्ने विषयमा समेत केही अन्योलता रहेको देखिन्छ । जसमध्ये प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेको सबैभन्दा महत्वपूर्ण कर भनेको सवारी साधन कर हो । यस सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करको दर निर्धारण र संकलन प्रदेश सरकारले गर्ने र सोबापत असुली भएको राजस्वमध्ये ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहका बीचमा बाँडफाँट गर्ने व्यवस्था रहेको छ । तर, यस सम्बन्धमा प्रदेश सरकारहरूले सवारी साधन अनुमतिपत्र तथा आवेदन दस्तुर, सवारी साधन दर्ता र सरुवा दर्ता दस्तुर, सवारी साधन सरुवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमतिपत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर आदिबाट प्राप्त राजस्व विभाज्य कोषमा नराखी प्रदेश सञ्चित कोषमा राख्ने गरी प्रदेश आर्थिक ऐन तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्दै आएका छन् ।

यसरी सवारी साधन कर शीर्षकलाई कर र गैर-करका रूपमा विभाजन गरी गैरकर (सवारी साधनसँग सम्बन्धित सेवा शुल्क दस्तुर) बाट प्राप्त राजस्व स्थानीय तहलाई बाँडफाँट गर्ने गरेको पाइँदैन । यसबाट स्थानीय तहहरू अन्यायमा परेका छन् । यस विषयलाई पनि तीनै तहको सरकारको कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्टसँग परिभाषित गर्न आवश्यक देखिन्छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ । साथै, सो बापत उठेको राजस्व स्थानीय सञ्चित कोषमा राख्ने व्यवस्था छ । तर, कोशी प्रदेश, मधेश र लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८० ले त्यस्ता सवारी साधनहरूको समेत दर्ता नवीकरण गर्ने र संकलित राजस्व विभाज्य कोषमा राख्ने कानुनी व्यवस्था गरेको छ । बाँकी प्रदेशहरूले त्यस्ता साना सवारी साधन करको दर निर्धारण र संकलन गर्ने काम सम्बन्धित स्थानीय तहले गर्ने गरी ऐन तर्जुमा गरेका छन् । तथापि, त्यस्ता साना सवारी साधनहरूको दर्ता तथा नवीकरण अझैसम्म स्थानीय तहमा हुनसकेको अवस्था छैन । यसरी टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्साको दर्ता तथा नवीकरण शुल्क समेत स्थानीय सरकारहरूले आफैं प्रशासन गरेर स्थानीय सञ्चित कोषमा दाखिला गर्न नसकेको विषयलाई पनि कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्ट पार्न जरुरी देखिन्छ । प्रदेश र स्थानीय तहबीचको अर्को महत्वपूर्ण साझा अधिकारका रूपमा रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क हो । यस सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को एकल कर प्रशासन सम्बन्धी प्रावधान अनुसार दर निर्धारण प्रदेश सरकारले गर्ने र राजस्व संकलन तथा बाँडफाँट स्थानीय सरकारले गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको आफ्नो छुट्टै प्रशासन नभएकोले हाललाई संघीय सरकारको अन्तर्गत रहेको नापी तथा मालपोत कार्यालयबाट राजस्व संकलन हुँदै आएको छ । तर, यस शीर्षक अन्तर्गत संकलन भएको सबै राजस्व विभाज्य कोषमा दाखिला गरी प्रदेश र स्थानीय सरकारका बीचमा बाँडफाँट भएको देखिँदैन । यसका सम्बन्धमा बागमती प्रदेशको आर्थिक ऐन, २०८० बमोजिम बेजिल्ला र बेइलाका लिखत पारित बापतको रकम पूरै प्रदेश सञ्चित कोषमा राख्ने व्यवस्था गरेको छ । मधेश प्रदेशले सेवा शुल्क तथा रोक्का दस्तुर प्रदेश सञ्चित कोषमा राख्ने गरी कानुन व्यवस्था गरेको देखिन्छ तर अन्य प्रदेशमा यस किसिमको व्यवस्था देखिँदैन ।

यसर्थ, घरजग्गा रजिष्ट्रेशन शुल्क शीर्षकमा संकलन भएको सबै राजस्व विभाज्य कोषमा राखी प्रदेश र स्थानीय सरकारका बीचमा ऐनको प्रावधान अनुसार क्रमश: ४० र ६० प्रतिशतका दरले बाँडफाँट गर्ने विषय सुनिश्चित हुन आवश्यक छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान बमोजिम मनोरञ्जन करको दर प्रदेशले तोक्ने र स्थानीय तहले राजस्व संकलन गरी विभाज्य कोषमा राख्ने प्रावधान छ । तर स्थानीय तहको क्षमता विकासमा प्रदेश सरकारले सहयोग गरी कर संकलन कार्यमा सहजीकरण गर्नुको सट्टा मधेश प्रदेशको आर्थिक ऐन, २०८० ले स्थानीय तहको व्यवस्थापन गर्ने क्षमता नभएसम्मका लागि मनोरञ्जन कर प्रदेश सरकारले लगाउने र उठाउने व्यवस्था गरेको छ । यस किसिमको प्रावधानले स्थानीय सरकारको अधिकारमाथि प्रदेशको अतिक्रमण भएको देखिन्छ । पर्यटन शुल्कलाई संविधानमा तीनै तहको साझा अधिकार सूचीमा राखिएको छ । बागमती प्रदेशको पर्यटन ऐन, २०७८ को दफा ३ (१) कसैले होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेस्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा वार सञ्चालन गर्न चाहेमा मन्त्रालय वा कार्यालय समक्ष तोकिएको वर्गीकरणमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ भने सोही ऐनको दफा १० (१) कुनै व्यक्ति वा समुदायले घरवास (होमस्टे) सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहमा दर्ता गराएर मात्र सञ्चालन गर्न सक्ने प्रावधान गरेको छ । तर, काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ५ (व्यवसाय कर) सँग सम्बन्धित अनुसूची ७ को (ङ) मा होटल, पर्यटन तथा मनोरञ्जन व्यवसाय अन्तर्गत पाँचतारे होटल को रु.१ लाख र एकतारे होटलको रु.२० हजार व्यवसाय कर लगाउने प्रावधान गरेको छ । महानगरपालिकाको आर्थिक ऐन अनुसार व्यवसाय कर पूँजीगत लगानी, आर्थिक कारोबार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको र होटल, पर्यटन तथा मनोरञ्जन व्यवसायलाई यस अन्तर्गत समावेश गरी करको दर तोकिएको छ । अर्कोतर्फ, कर्णाली प्रदेशको आर्थिक ऐन, २०८० मा पर्यटन शुल्क कुन दरमा कसले संकलन गर्ने र बाँडफाँट कसरी गर्ने भन्ने विषय उल्लेख भएको देखिँदैन । यसरी हेर्दा पर्यटन शुल्क सम्बन्धी विषय पनि संघ, प्रदेश र स्थानीय सरकारका बीचमा के कस्तो अधिकार हुने भनी स्पष्ट पार्न जरुरी देखिएको छ । संघीय वन ऐन, २०७६ को दफा २२ अनुसार सामुदायिक वनबाट उपभोक्ता समूहको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास र संरक्षणमा खर्च गरी बाँकी रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँगको समन्वयमा गरिबी न्यूनीकरण र महिलाको सशक्तीकरणका क्षेत्रमा खर्च गरी बाँकी रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्ने गर्ने व्यवस्था गरेको छ । मधेश प्रदेशको प्रदेश वन ऐन, २०७७ को दफा ५५ अनुसार वन पैदावार बिक्रीको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने र त्यसपछि बाँकी रहेको रकम उपभोक्ताको हितमा प्रयोग गर्ने व्यवस्था गरेको छ । बागमती प्रदेशको प्रदेश वन ऐन, २०७६ को दफा ३८ (३) अनुसार समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको १० प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने र उपदफा (४) अनुसार समूह भित्र खपत भएको वनपैदावार (काठ दाउरा) बिक्रीबाट प्राप्त रकमको ०.५ प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८० अनुसार वन पैदावार तथा वन क्षेत्रको नदीजन्य पदार्थको शुल्क बाँडफाँट सम्बन्धी विशेष व्यवस्था अन्तर्गत सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम साल प्रजातिको काठ उपभोक्तालाई बिक्री गर्दा प्राप्त रकमको २५ प्रतिशत र सामुदायिक वन क्षेत्रमा रहेका खोला खोल्सीको व्यवस्थापन गर्दा संकलन हुने नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त रकममध्ये १० प्रतिशत रकम डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ । तर, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । यसरी सामुदायिक वन उपभोक्ता समितिले वनपैदावार बिक्रीबाट संकलन गरेको राजस्व बाँडफाँटको सम्बन्धमा संघीय तथा प्रदेश वन ऐन र स्थानीय सरकार सञ्चालन ऐन बाझिएकोले यसमा सुधार हुन आवश्यक छ । ***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सजिलै अरूको मन जित्न सकिने छ । प्रगतिमा मन रमाउनेछ । | **तुला** : गरेका कामबाट राम्रै लाभ हुनेछ । पढाइमा प्रगति हुनेछ । |
| **वृष** : आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । कार्य पुरा होला । | **वृश्चिक** : सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला । |
| **मिथुन** : कार्य सिद्धिको योगछ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । | **धनु** : काममा हात हाल्ने समय छ । अभिप्रेरितलाई बिस्तारै लाभ मिल्नेछ । |
| **कर्कट** : निर्णय कार्यान्वयन हुदैन । आत्मबलमा कमी आउनेछ । | **मकर** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश, हिम्मत बढ्नेछ । |
| **सिंह** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । जोश, जाँगर र उमङ्ग बढ्नेछ । | **कुम्भ** : यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग छ । |
| **कन्या** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **मीन** : मित्रबाट सहयोग मिल्नेछ । रमाइलो यात्राको योग रहेको छ । |



# विद्यार्थीले उत्पादन गरेको तरकारी दिवा खाजामा प्रयोग



म्याग्दीको बेनी नगरपालिका-४ डाँडाखेतमा रहेको बालमन्दिर आधारभूत विद्यालयले आफैँ तरकारी उत्पादन गरेर दिवा खाजाका लागि प्रयोग गरेको छ । विद्यालय परिसरमा करेसाबारी बनाएर दिवा खाजाका लागि आवश्यक पर्ने तरकारी आपूर्ति गरेको हो । विद्यालयका प्रधानाध्यापक रामप्रसाद शर्माले 'जंगफुड' निषेध र बालबालिकालाई सीपमूलक शिक्षा प्रदान गर्न करेसाबारीमा तरकारी उत्पादन गरेर खाजामा प्रयोग गरेको जानकारी दिए । 'स्थानीयस्तरमा पर्याप्त मात्रामा तरकारी नपाइने हुँदा विद्यालयमै उत्पादन गरेर दिवा खाजामा प्रयोग गरेका छौँ', उनले भने, 'विद्यालय परिसरको खाली जग्गामा तीन ठाउँमा मौसमी, बेमौसमी तरकारी लगाएका छौं । दिवा खाजाका लागि ताजा तरकारी किन्नुपरेको छैन ।'

बिदा र छुट्टीको समयमा शिक्षकले तरकारी लगाउने, गोडमेल र पानी लगाउने काम गर्छन् । कक्षा ६, ७ र ८ का विद्यार्थीलाई प्रयोगात्मक कक्षाका लागि करेसाबारीको प्रयोग गरिएको छ । बन्दा, काउली, केराउ, मुला, साग, गाँजर, मटरकोसा, सिमी, केराउ प्रजातिका तरकारी लगाएका छन् । करेसाबारी निर्माण र व्यवस्थापन गर्न विद्यालयले शिक्षक अर्जुन खत्री, सुनिता गौतम र लक्ष्मी शर्मालाई जिम्मेवारी तोकेको छ । शिक्षक खत्रीले विद्यालयमै उत्पादन भएको तरकारी प्रयोग गर्दा विद्यार्थीले कम खर्चमा पर्याप्त र स्वस्थकर खाजा खान पाउनुका साथै तरकारी खेतीका बारेमा ज्ञान हासिल गरेका बताए । शिक्षक गौतमले तरकारीमा प्रयोग नहुने बन्दा, मुला र काउलीको पातलाई प्रशोधन गरेर विद्यार्थीले गुन्द्रक बनाएका बताए । उनका अनुसार विद्यार्थीलाई दुना टपरी बनाउने सीप पनि सिकाइएको छ । स्थानीय पाठ्यक्रमको पठनपाठन गराउने क्रममा विद्यार्थीलाई स्थलगतरूपमा खेतबारी, गोठ र फार्ममा लैजाने गरिएको छ ।

कक्षा ८ सम्म पठनपाठन हुने विद्यालयमा हाल ९२ विद्यार्थी छन् । कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजाका लागि सरकारले प्रतिविद्यार्थी रु १५ अनुदान दिने गरेको छ । विद्यालयका सहयोगीले नै दिवा खाजाका परिकार तयार पार्ने गर्दछन् । अर्का शिक्षक तीर्थबहादुर बानियाँले विद्यालय परिसरको खाली जग्गामा तरकारी खेती विस्तार गर्न लागिएको बताए । खाली र बाँझो जग्गाको सदुपयोग भएको छ । विद्यालय परिसरमा सौन्दर्यकरण गर्ने उद्देश्यले फूलको बगैँचा पनि स्थापना भएको छ । विद्यालय हराभरा बनेको छ । रमणीय वातावरणमा व्यावहारिक, जीवनोपयोगी र व्यावसायिक शिक्षा हासिल गर्न पाउँदा विद्यार्थीको सिकाइ उपलब्धि पनि बढ्न थालेको छ । फुर्सदको समयमा कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि उपचारात्मक कक्षा सञ्चालन गरेको छ । आठजना दरबन्दी, एकजना निजी स्रोतका शिक्षक, एकजना बालविकास र एकजना कर्मचारी छन् । ***-रासस***

# राहत शिक्षकहरुले भने- हामीलाई स्थायी गरिदिनुहोस्, पेन्सन दिनुहोस्



राहत अनुदान कोटामा कार्यरत शिक्षकहरुले आफूहरुको स्थायी व्यवस्थापन गर्न माग गरेका छन् । शुक्रबार प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा बोल्दै राहत शिक्षकहरुले आफूहरुलाई स्थायी रुपमा व्यवस्थापन गर्न माग गरेका हुन् । बैठकमा बोल्दै नेपाल राहत शिक्षक केन्द्रीय समितिका अध्यक्ष खेमराज अधिकारीले अनुदान कोटामा कार्यरत राहत शिक्षकहरुलाई शिक्षक सेवा आयोगको आन्तरिक प्रतिष्पर्धाबाट पदपूर्ति गर्नुपर्ने बताए ।

उनले राहत शिक्षकहरुले शिक्षणमा दुई दशक अविच्छिन्न सेवा गरेको तर यस अवधिको १८ वर्ष शिक्षक सेवा आयोग नखुलेकाले कारण आफूहरु स्थायी हुन नसकेको भन्दै राहत कोटामा कार्यरत शिक्षकहरुको स्थायी व्यवस्थापन गर्नुपर्ने बताए । उनले राहत अनुदान कोटामा अविच्छिन्न सेवा गरेको अवधिको शतप्रतिशत सेवा अवधि स्थायी सेवामा जोड्नुपर्ने पनि बताए । बैठकमा बोल्दै पेन्सन वञ्चित शिक्षक केन्द्रीय संघर्ष समितिका अध्यक्ष अमृत कार्कीले आफूहरु स्थायी हुनुको अर्थ नै पेन्सन पाउनुभएको उल्लेख गर्दै आफूहरुलाई पेन्सनबाट वञ्चित गरिएको बताए । उनले नयाँ विधेयकमार्फत् पेन्सन वञ्चित शिक्षकहरुलाई पेन्सन वञ्चित नगराइदिन आग्रह गरे ।

त्यस्तै, पेन्सन वञ्चित शिक्षक समाजका अध्यक्ष सुदीप जोशीले नयाँ शिक्षा ऐन आउनुभन्दा अगाडी नियुक्ति पाएका शिक्षकहरुको हकमा पुरानै पेन्सन प्रणाली र नयाँ ऐन जारी भइसकेपछि नियुक्ति पाउने शिक्षकको हकमा नयाँ पेन्सन प्रणाली गरिदिनुपर्ने बताए । उनले अस्थायी सेवा समेत जोडेर न्यूनतम निभृतिभरणको व्यवस्था राज्यले गर्नुपर्ने बताए । छुट अस्थायी, करार शिक्षक संघर्ष समितिका सचिव हिराचन थापा मगरले आफूहरु २०७५ सालमा सेवा अवधिका कारण आन्तरिक परीक्षा दिनबाट छुटेको भन्दै एकपटकलाई आन्तरिक परीक्षा दिने व्यवस्था मिलाउन माग गरे । उनले आन्तरिक परीक्षामा पनि उमेर हद हटाउन माग गरे । नेपाल बालविकास शिक्षक केन्द्रीय संघर्ष समितिकी अध्यक्ष कृष्णकुमारी थापा मगरले प्रारम्भिक बाल विकास केन्द्र सम्बन्धी व्यवस्था आधारभूत तह तृतीय श्रेणी शिक्षक सरहको राष्ट्रिय मापदण्ड बमोजिम हुनुपर्ने बताइन् । उनले प्रारम्भिक बाल विकासमा कार्यरत शिक्षकलाई स्वत: दरबन्दीमा रुपान्तरण गर्नुपर्ने बताइन् ।

त्यस्तैगरी बैठकमा बोल्दै बालविकास शिक्षक जयन्ती बस्नेतले आफूहरुको दु:खको मूल्यांकन विद्यालय र सरकारी निकायले नगरेको दुखेसो गरिन् । उनले आफूहरुलाई विद्यालय र सरकारी निकायमा हेपिने गरेको बताइन् । आफूहरुले बालबालिका पढाउनका लागि निकै दु:ख गर्नुपरेको भन्दै त्यसको उचित मुल्यांकन हुनुपर्ने बताइन् ।

***-रातोपाटी डटकम***

# शिक्षा र स्वास्थ्य क्षेत्रको बेहाल

**डा.शान्तिकृष्ण अधिकारी**

*शिक्षा सम्बन्धी हकलाई पाँचवटा उपधाराहरूमा व्याख्या गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ भने उपधारा २ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हकको सुरक्षा गरेको छ । उपधारा ३ र ४ ले अपांगता भएका व्यक्तिहरूको शिक्षामा लाग्ने हकका बारेमा बोलेका छन् भने उपधारा ५ मा मातृभाषामा शिक्षा पाउने, त्यसका लागि विद्यालय र शैक्षिक संस्था खोल्न पाउने सम्बन्धमा व्यवस्था गरेको छ ।*

नेपालको संविधान, २०७२ ले शिक्षा र स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा परिभाषित गरेको छ । संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गतको धारा ३१ मा शिक्षासम्बन्धी हक र धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकका बारेमा उल्लेख गरिएको छ । मौलिक हक भनेको त्यस्तो हक हो जुन नागरिकका रूपमा जन्मिने बित्तिकै प्राप्त हुने हक हो । जनताको मौलिक हक पूरा गर्ने या उपलब्ध गराउने दायित्व राज्यको हुन्छ र यदि त्यस्तो हक प्रदान गर्न नसकेमा राज्य सञ्चालकहरू दोषी या कमजोर ठहरिन्छन् । नागरिकको मौलिक हकको संरक्षण गर्न नसकेमा सरकारमा बसेकाहरू पूर्ण जिम्मेवार भएर त्यसको उत्तरदायित्व बहन गर्नुपर्दछ । शिक्षासम्बन्धी हकलाई पाँचवटा उपधाराहरूमा व्याख्या गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ भने उपधारा २ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हकको सुरक्षा गरेको छ । उपधारा ३ र ४ ले अपांगता भएका व्यक्तिहरूको शिक्षामा लाग्ने हकका बारेमा बोलेका छन् भने उपधारा ५ मा मातृभाषामा शिक्षा पाउने, त्यसका लागि विद्यालय र शैक्षिक संस्था खोल्न पाउने सम्बन्धमा व्यवस्था गरेको छ ।

त्यस्तै स्वास्थ्य सम्बन्धी हकलाई चारवटा उपधाराहरूमा व्याख्या गरिएको छ । उपधारा १ मा भनिएको छ- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । उपधारा २ मा नागरिकको उपचारको सम्बन्धमा जानकारीको हक हुनेछ भनिएको छ भने उपधारा ३ ले स्वास्थ्यसेवामा प्रत्येक नागरिकको समान पहुँचको व्यवस्था गरेको छ । उपधारा ४ मा भने प्रत्येक नागरिकको स्वच्छ खानेपानी तथा सरसफाइको हक उल्लेख गरिएको छ । विसं २०७२ पछि ठूला भनिएका नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र तीनवटै राजनीतिक दलहरू सरकारमा पुगे । यी तीनवटै दलका सभापतिहरू शेरबहादुर देउवा, पुष्पकमल दाहाल र केपी ओलीले सरकार चलाइसकेका छन् अर्थात् प्रधानमन्त्री बनिसकेका छन् । जनताले पत्याएका भनिएका यी दलहरूसँग साँठगाँठ गरेर या सम्बन्ध जोरेर नयाँ भनिएको राष्ट्रिय स्वतन्त्र पार्टी, राजावादी नेताहरूको भनिएको राष्ट्रिय प्रजातन्त्र पार्टी र मधेसवादी दलहरू सबैखाले सत्तामा पुगिसकेका छन् । देश बनाउँछौं भन्ने कुनै पनि दल सत्तामा पुग्न बाँकी भएजस्तो लाग्दैन तर मौलिक हक भनिएका शिक्षा र स्वास्थ्यका कुराहरूमा भने अपेक्षा बमोजिम सुधार हुन सकेको पाइँदैन । प्रत्येक पटक गठन भएका सरकारहरूले सय दिन पूरा गर्दैगर्दा आफ्ना उपलब्धि जनता सामु पस्कने गरेका छन् । त्यसपछि एकवर्ष पूरा गर्न समर्थ भएका प्रधानमन्त्रीहरूले बीस वर्ष लगाएर पूरा भएका योजनाहरू पनि आफ्नै पालामा आरम्भ तथा सम्पन्न गरे झैं गरी घमण्डका साथ बताउने गर्दछन् । केपी ओलीले त रंगीचंगी पुस्तिका नै छापेर भए नभएका उपलब्धि समेटी वितरण गरेका थिए भने वर्तमान प्रधानमन्त्री प्रचण्डले समेत जनताका नाममा लामै सम्बोधन गरेर आत्मरति लिने बाटो समाए तर आमनागरिक सन्तुष्ट हुन सकेको पाइएन । केही पनि काम हुँदै नभएको होइन तर जनअपेक्षालाई सरकारको गतिले समात्न नसकेको हो भन्ने कुरालाई सरकारमा रहनेहरूले बुझ्न सक्नुपर्दछ । यस्ता कुरा गर्नेहरूलाई निराशावादी कुरा गरेर गणतन्त्रका विपक्षमा जनमानस ओराल्ने प्रयत्न गरिएको भनेर सरकारले दोष लगाउने होइन कि सरकारलाई सही मार्ग देखाउन नागरिकका तर्फबाट प्रयत्न गरिएको भनेर सरकारले लिनुपर्दछ । जनताको स्वतन्त्रताका लागि लडेका दलहरूका विपक्षमा जनमत सिर्जना गर्न गरिएको प्रयास भनेर पुराना दलहरूले लिनुको सट्टा देश र जनताका काममा आफूलाई समर्पित गर्ने काममा क्रियाशील हुनु नै उत्तम हुन्छ । आधारभूत तह अनिवार्य र नि:शुल्क भनिएको छ तर नेपालका लाखौं बालबालिका महँगा विद्यालयहरूमा पढ्न अझै बाध्य छन् । यसमा भएको प्रगति भनेको यो संविधान आउनुभन्दा पहिलेदेखि नै लागू भएको सामुदायिक विद्यालयहरूले मासिक शुल्क नलिने व्यवस्था मात्रै हो । सरकारले सामुदायिक विद्यालयमा ल्याउनुस्, तपाईंको बच्चाले नि:शुल्क पढ्न पाउँछ भन्ला । रहर गरेर निजीमा लैजानेलाई कसले छेक्न सक्छ र पनि भन्ला तर के सबै बालबालिकालाई धान्न सक्ने सामुदायिक विद्यालयहरू नेपालमा छन् त ? अझै पनि दुई तीन घण्टाको बाटो हिँडेर, पुल नभएका खोला तरेर, भीरको बाटो ससाना बालबालिकाहरू विद्यालय जानुपर्ने बाध्यताको अन्त्य हुन सकेको छैन ।

राज्यको निर्देशक सिद्धान्तमा निजी विद्यालयहरूलाई क्रमश: सेवामूलकतर्फ लैजाने कुरा गरिएको छ । उच्चशिक्षासम्मै नि:शुल्क बनाउने लक्ष्य छ । शिक्षाक्षेत्रका यस्ता कुराहरूका के कति योजना पूरा भए ? आजसम्म कति निजी विद्यालयहरूलाई सेवामूलक बनाइए ? अबका कति वर्षमा देशमा निजी विद्यालयहरूको मुख बालबालिकाले बाध्यतावश देख्न पर्दैन ? प्रधानमन्त्रीहरूका सम्बोधन र सफलताका पुस्तिकाहरूमा यी कुराहरूको प्रगति विवरण देख्न कहिले पाइन्छ ? मात्र कल्पनाका जहाजहरूले भरिएका आडम्बरपूर्ण शब्द सञ्जालहरूले नागरिकमा सन्तुष्टि बढाउने प्रयास कसरी सम्भव होला र ? विद्यालय नभएका कतिवटा गाउँहरूमा सरकारले नयाँ विद्यालयहरू खोल्यो ? शिक्षक दरबन्दी नपुगेका कति विद्यालयमा दरबन्दी पठाएर शिक्षक आपूर्ति गर्ने काम भयो ? एउटै कोठामा दुई तीनवटा कक्षा सञ्चालन गरिएका विद्यालयहरूमा कक्षा कोठा थप गर्ने काम कति भए ? कक्षामा नपढाइ राजनीति गर्न हिँडेका कति शिक्षकहरू कारबाहीको दायरामा परे ? विद्यालयको गुणस्तर सुधारमा के कति प्रगति भयो ? जस्ता कुराहरू सरकारका उपलब्धिमा पढ्न पाइँदैन । दिनहुँ समाचारमा फलानो मन्त्री फलानो देशको भ्रमणमा गएजस्ता समाचार सुनेर जनता सन्तुष्ट हुँदैनन् भन्नेमा सरकार विश्वस्त हुनै पर्दछ । सरकार आफ्नो चाहनाको मुख्यसचिव बनाउन पुरानाको कार्यकाल बाँकी छँदै उसलाई हुँदै नभएको पद सिर्जना गरेर मन्त्रीसरहको नियुक्ति दिन्छ । त्रिभुवन विश्वविद्यालयमा भने उपकुलपति खाली भएको दुई महिना नाघिसकेको छ तर आग्रह पूर्वाग्रहबाट मुक्त व्यक्तिलाई नियुक्ति दिइन्छ भन्दै टारिरहेको छ । अन्य विश्वविद्यालयहरूमा समेत एक वर्षभन्दा पनि बढी समय पदाधिकारीहरूको नियुक्ति नभएको इतिहास साक्षी छ । अनि सरकार शिक्षाक्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको छ भन्दा जनताले कसरी पत्याउन् ? त्यसैगरी स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्यसेवा नि:शुल्क भनिएको छ तर नि:शुल्क सिटामोल कति जनताले प्राप्त गर्दछन् कुनै सरकारले भन्न सक्दैन । अघिल्लो वर्ष यतिले पाएको थिए र यो वर्ष यतिलाई दिइयो भनेर बढेको तथ्यांक प्रस्तुत गर्ने हिम्मत कुनै सरकारसँग छैन । अरू औषधिको त कुरै गर्नु परेन । आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित गरिने छैन भनिएको छ तर विनापैसा कुन अस्पताल पुगेर आकस्मिक सेवा लिन सकिन्छ ? सरकारमा रहेका कसैले देखाउन सक्छ ? टिकट काट्नेदेखि लिएर सबै जाँचमा पैसा नभई प्रक्रिया नै अघि बढ्दैन ।

सबै नागरिकको समान हक हुनेछ भनिएको छ तर सरकारी अस्पतालहरूमै साधारण, क्याबिन, भिआइपी, भिभिआइपी जस्ता कक्षहरू स्थापना गरिएको छ । प्राप्त हुने सेवा र सुविधा अनुसार सरकारी अस्पतालहरूले नै कोठा अनुसारका पैसा तोकेका छन् । सरकारी अस्पतालमै यस्तो छ भने निजी अस्पतालहरूबाट समान सेवा पाउने त अपेक्षा नै गर्नु पर्दैन । सबै नागरिकले समान सुविधा पाउने र उस्तै बेडमा बस्नुपर्ने व्यवस्था गर्न सक्छ त सरकारले ? समाजवादको लक्ष्य त सबै समान हुनेतर्फ उन्मुख भएमा मात्रै न पूरा हुने होला नि ? यसैमा पनि निजी अस्पतालहरूले राख्न सकेका एमआरआई मेसिन, सिटी स्क्यान मेसिन जस्ता उपकरण सरकारी अस्पतालहरूमा छैन भन्ने सुनिन्छ । कतिपय उपकरण त वीर, त्रिवि शिक्षण जस्ता ठूला अस्पतालहरूमा नभएर बिरामी बाध्यतावश निजी अस्पताल धाउन बाध्य छन् । निजी अस्पतालहरूले किन्न सक्ने उपकरणहरू के सरकारले किन्नै सक्दैन ? कतिपय अस्पतालमा चाहिँ उपकरणहरू ल्याएर पनि प्रयोगविहीन बनाई दशकौं थन्क्याएर राखेका समाचारहरू आइरहन्छन् । यस्ता थुप्रै उदाहरण छन् । निरोगी र शिक्षित नागरिकले मात्रै राष्ट्रको अपेक्षा पूरा गर्न सक्दछन् । शिक्षा प्राप्त गर्न र औषधोपचारकै लागि नागरिक पिल्सिन पर्‍यो भने त्यो देशले नागरिकबाट पाउने पूर्ण सेवा पाउनै सक्दैन । शिक्षाक्षेत्र र स्वास्थ्यसेवामा सुधार हुनुपर्ने कुराहरू माथि उल्लेख गरेभन्दा पनि अन्य धेरै छन् । यस्ता कुराहरूमा सरकारले के कति प्रगति गरेको छ, त्यसको श्वेतपत्र जारी गर्न सकेमात्रै सरकारको उपलब्धि देखिन्छ । गरिब देशमा एकैपटक समस्या समाधान हुन्छ भन्ने होइन तर कति फड्को अगाडि बढ्यो भन्ने चाहिँ मूल प्रश्न हो । ***-इहिमालय टाइम्स डटकम***

# कुसुम सहकारीको दोस्रो साधारण सभा




**पाल्पा,** पुस २२/पाल्पाको तानसेनमा प्रधानकार्यालय रहेको कुसुम बहुउद्देश्यीय सहकारी संस्थाले दोस्रो साधारण सभा गरेको छ । सहकारीले तानसेनमा एक समारोहकाबिच साधारण सभा गरेको हो ।

सभाको प्रतिनिधिसभा सदस्य ठाकुर गैरेले उद्घाटन गरेका हुन् । उद्घाटन गर्दै प्रमुख अतिथि गैरेले देशको आर्थिक समृद्धिमा सहकारीको महत्वपूर्ण भूमिका रहेको बताए । उनले कुसुम सहकारीले छोटो समयमा आर्थिक समृद्धिको दिशामा आफुलाई आगाडि बढाएकोमा खुसी व्यक्त गरे । लुम्बिनी प्रदेशका सांसद खेमबहादुर सारुले कृषि पर्यटनमा लगानी गर्न सहकारीलाई आग्रह गरे । उनले मुलुकको अर्थतन्त्रलाई नयाँ उचाइमा पुर्‍याउन नयाँ विचार, सिद्धान्त र विधि सिर्जना गर्न आवश्यक रहेकोमा समेत जोड दिए । जिल्ला बचत तथा ऋण सहकारी संस्था पाल्पाका अध्यक्ष जगदीश भट्टराईले उत्पादमूलक क्षेत्रमा लगानी गर्न सहकारीलाई आग्रह गरे । कार्यक्रममा संविधान सभा सदस्य लीला सोमै, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल लगायतले सहकारीको सफलताको शुभकामना व्यक्त गरे । संस्थाका अध्यक्ष सुरेश ढकालले पाल्पा, गुल्मी र बुटवललाई केन्द्रीत गरी शेयर सदस्यहरुको जीवनस्तर उकास्न उनीहरुलाई कृषि जस्ता आयआर्जनका कार्यक्रमहरुसँग जोडिएको बताए । सहकारीले पाल्पामा कृषिफर्म, होमस्टे, मिट मार्ट सञ्चालन गर्दै आएको छ । यस्तै उसले गुल्मीमा कृषि उपज संकलन केन्द्र र बुटवलमा बहुउद्देश्यीय मार्ट र एकिकृत वस्ती निर्माणका क्षेत्रमा काम गरेको छ । संस्थाका लेखा संयोजक रामप्रसाद ढकालले लेखा प्रतिवेदन पेश गरेका थिए । अध्यक्ष सुरेस ढकालको अध्यक्षता, सहसचिव विनोद ढकालको स्वागत, शिक्षा समितिका सहसंयोजक हिरा आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# तम्घासमा नि:शुल्क स्तन क्यान्सर जाँच

**तेजेन्द्र श्रेष्ठ**



**गुल्मी,** पुस २२/आर्थिक अभावमा रोगको पहिचानसमेत गर्न नपाएका असहाय गरिब विपन्न परिवारलाई लक्षित गरी गुल्मीको तम्घासमा स्वास्थ्य शिविरमार्फत नि:शुल्क स्तन क्यान्सर जाँच र सचेतना कार्यक्रम गरिएको छ । रोटरी क्लब अफ रेसुङ्गा गुल्मीको आयोजना र डिल्लीमाया मेमोरियल ब्रेष्ट क्यान्सर फाउन्डेसनको सहकार्यमा नि:शुल्क स्तन क्यान्सर जाँच र सचेतना कार्यक्रम गरिएको हो ।

आर्थिक अभाव र अज्ञानताका कारण उपचारको पहुँच भन्दा बाहिर रहेका नागरिकहरुका लागि उपचार सेवाको पहुँचमा ल्याउने उद्देश्यले शिविर आयोजना गरिएको क्लबका अध्यक्ष हरिकुमार श्रेष्ठले शितलपाटीलाई जानकारी दिए । शिविरको रेसुङ्गा नगरपालिकाका उपप्रमुख अमृतादेवी कुंवरले उद्घाटन गरेकी हुन् । शिविरको उद्घाटन गर्दै उपप्रमुख कुंवरले रोटरी क्लव र फाउन्डेसनले नि:शुल्क शिविर सञ्चालन गरेर प्रसंशनिय कार्य गरेको बताइन् । उनले आर्थिक अभावमा रोगको पहिचान गर्न नसकेका र उपचार समेत गर्न नसकेका नागरिकका लागि शिविर महत्वपूर्ण रहेको धारणा व्यक्त गरिन् । उपप्रमुख कुंवरले सरकारले गर्नु पर्ने काम क्लव र फाउन्डेसनले गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा यस्ता कार्यक्रममा स्थानीय सरकरको समेत सहयोग रहने बताइन् ।

कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरे, प्रहरी उपरीक्षक नवीन किशोर प्रधान, शार्दुल संग्राम गुल्मीका गुल्मपती अशोक कार्की, सशस्त्र प्रहरी प्रमुख सञ्जीव कार्की, अनुसन्धान प्रमुख विनय चतुर्वेदी लगायतले शिविरको अवलोकन गर्दै प्रशंसा गरे । तम्घासस्थित बालमन्दिरमा भएको एक दिने शिविरमा २ सय ५१ जनाले सेवा लिएका छन् । जसमा २ सय ४९ जना महिला र २ जना पुरूष रहेका छन् । फाउन्डेसनका संस्थापक अध्यक्ष विशेषज्ञ डाक्टर सञ्जय पाण्डेले विशेषज्ञ सेवा प्रदान गरेका थिए । शिविर उद्घाटनका उपाध्यक्ष गुणानिधि शर्माको अध्यक्षता, सचिव भागिरथ भण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पालपा जेसीजको अध्यक्षमा...

...उनले भने,'अब जेसीजले फरक ढंगबाट रचनात्मक शैली अपनाएर अगाडि बढ्नुको विकल्प छैन् ।' कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, नेपाल जेसीजका वर्ष २०२४ का राष्ट्रिय उपाध्यक्ष गणेश सापकोटा, जेसीज पाल्पाका संस्थापक अध्यक्ष छत्रराज शाक्य, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष तथा जेसीज वर्ष २०१२ का राष्ट्रिय उपाध्यक्ष शैलेन्द्र भट्टराई लगायतले समाज र राष्ट्रको विकासका लागि युवाहरु एक भएर अगाडि बढ्न नयाँ नेतृत्वलाई आग्रह गरे ।

नव नियुक्त अध्यक्ष अर्जुन कार्कीको धन्यवाद, महासचिव विजय कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# दिपेशलाई बीएमडब्ल्यू कन्सल्टेन्सीको प्रायोजन



**काठमाडौं,** पुस २२/नेपाली यू-१९ टिमका स्पिन अलराउन्डर दिपेश कँडेललाई बीएमडब्ल्यू एजुकेशन कन्सल्टेन्सीले प्रायोजन गरेको छ । अस्ट्रेलियाको तास्मानियामा रहेको यस कन्सल्टेन्सीले १ वर्षसम्मको लागि दिपेशलाई ब्याट र ग्लोब्स् प्रायोजन गरेको हो ।

कन्सल्टेन्सीले उनलाई भविष्यमा ब्रान्ड एम्बेस्डरको रुपमा समेत सम्झौता गर्ने योजना सहित उनलाई ब्याट र ग्लोब्स्को प्रायोजन गरेको छ । उनले टिममा गर्दै आएको प्रदर्शनका अधारमा उनलाई कन्सल्टेन्सीले प्रायोजन गरेको हो । दिपेशलाई खेलमा लाग्न प्रोत्साहन गर्ने

उद्देश्यले कन्सल्टेन्सीले उनलाई प्रायोजन गरेको कन्सल्टेन्सीका एड्मिन अफिसर मनिरत्न कुमार शाहले बताएका हुन् । 'हामीले उनलाई खेलमा लाग्न प्रोत्साहन र सहज होस् भन्ने हेतुले उनलाई १ वर्षको लागि ब्याट र ग्लोब्स्को प्रायोजन गरेका हौं । हामीले भविष्यमा उनलाई ब्रान्ड एम्बेस्डर बनाउने योजना समेत राखेका छौं ।' दिपेश यू-१९ विश्वकपका लागि टिमसँगै दक्षिण अफ्रिकामा छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# मुक्तिनाथ सहकारीको दशौं साधारण सभा




**पाल्पा,** पुस २२/मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड पाल्पाले १० औं वार्षिक साधारण सभा गरेको छ । साधारणसभाको पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष एवं संस्थाका शेयर सदस्य शैलेन्द्र भट्टराई उद्घाटन गरेका हुन् ।

सभाको उद्घाटन गर्दै अध्यक्ष भट्टराईले सहकारी भनेकै एक आपसमा सहकार्य गरेर काम गर्ने एक जनमैत्री अभियान भएको बताए । मुक्तिनाथ कृषि सहकारीले आगामी दिनमा कृषि क्षेत्रलाई प्रमुख विषयवस्तु बनाएर काम गर्नुपर्नेमा जोड दिए । सभामा संस्थाका अध्यक्ष देव पचभैयाले बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै शेयर सदस्यहरुको रकमलाई कुनै पनि तरिकाबाट जोखिम नहुने गरी संस्थाले काम गर्दै आएको बताए । कार्यसमिती, ऋण समितिले निकै संवेदनशिल लगानी गर्दै आएको अध्यक्ष पचभैयाले जोड दिए । संस्थाका सचिव शंकर भण्डारीले सांगठानिक प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक वर्ष २०७९/८० मा ८ करोड २५ लाखको कारोवार भएकोमा ४ लाख ६८ हजार खुद मुनाफा भएको बताए । सचिव भण्डारीले आगामी दिनमा सहकारीले गर्नुपर्ने कार्ययोजना प्रस्तुत गरेका थिए । कोषाध्यक्ष समिरमान सिंहले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै ३ करोड १९ लाख बचत, ९९ लाख ८६ हजार शेयर पुँजी, ४ करोड ९९ लाख कर्जा लगानी रहेको साधारण सभामा जानकारी दिए । लेखा सुपरिवेक्षण समितिका संयोजक फर्सुराम सापकोटाले कार्य समितिले गरेका काम, ऋण उप समितिले गरेका लगानी, नीति नियम हालको सहकारीको अवस्था बारे चर्चा गरेका थिए ।

कार्यक्रममा सल्लाहकारहरु मोहन प्रसाद श्रेष्ठ, हरि रायमाझी र भिमसेन कार्कीले पैसाको कारोवार गर्दा निकै संवेदनशिल, जिम्मेवार भई काम गर्न कार्यसमिति तथा ऋण उपसमितिलाई अनुरोध गरे । संस्थामा कुनै एउटा व्यक्ति वा पात्रको कारण सिंगो संस्था बदनाम हुने, डुब्ने, जस्ता खतरा भएकाले निति नियम कानुन, सहकारीको मुल्य मान्यतामा अक्षरस पालना गर्दै कारोवार गर्न सल्लाहकारहरुले सुझाव दिए । साधारण सभा संस्थाका अध्यक्ष देव बहादुर पचभैयाको अध्यक्षता, उपाध्यक्ष विनोद पंन्थीको स्वागत, सचिव शंकर भण्डारीको सञ्चालनमा भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई